नवोदय विद्यालय समिति

जवाहर नवोदय विद्यालय चयन परीक्षा– विवरणिका– सह आवेदन पत्र – २०१८–१९

नवोदय विद्यालय योजना

## १.१ परिचय (Introduction)

सन १९८६ को राष्ट्रीय शिक्षा नीति अनुसार भारत सरकारले जवाहर नवोदय विद्यालयको सुरुआत गरेको हो । वर्तमानमा भारतको २८ राज्य अनि ७ वटा केन्द्र शासित प्रदेशहरुमा जवाहर नवोदय विद्यालयहरु छन् । यी आवासीय विद्यालयहरुमा पूर्ण रुपमा भारत सरकारले एक नवोदय विद्यालय समिति नामक स्वायत्त संस्था मार्फत वित्त सहयोग र प्रशासनिक कार्य गर्दछ । जेएनभीमा भर्ना गर्न पाउनका लागि जवाहर नवोदय विद्यालय चयन परीक्षा (JNVST) पास गर्नु पर्दछ । त्यसपछि कक्षा छ (VI) मा प्रवेश पाइन्छ । जेएनभी हरुमा शिक्षाको माध्यमा मातृ भाषा अन्यथा क्षेत्रिय भाषा कक्षा सात (VII) सम्म रहने गर्दछ । जवाहर नवोदय विद्यालय छात्र–छात्राहरुले कक्षा दश (X) बाह्रौं (XII) को परीक्षाहरु केन्दीय माध्यामिक शिक्षा बोर्ड (CBSE) पास गर्नु पर्ने हुन्छ । जवकि यी विद्यालयहरुमा निशुल्क आबास, भोजन, युनिफार्म, पाठ्य पुस्तक उपलब्ध गराइन्छ । यद्यापि कक्षा नवम (IX) देखि बाह्रौं (XII) सम्मका विद्यार्थीहरुवाट प्रति माह रु० ६००/– गरेर नवोदय विकाश निधिको निम्ति संग्रह गरिन्छ । यस शुल्कवाट अनुसूचित जाति, अनुसूचित जनजाति, छात्रावर्ग अनि जुन विद्यार्थीहरुको परिवार गरीवी रेखादेखि मुनिमा (BPL) वर्गमा पर्ने गर्दछ त्यस्ता विद्यार्थीहरुलाई छुट दिइएको छ । तर कुनै पनि विद्यार्थीको अविभावक मातापिता सरकारी कर्मचारी छन भने उनीहरुले मासिक रु. १५००/– मात्र तिर्नु पर्नेछ ।

## १.२ योजनाको उद्वेश्य (Objective of the scheme)

(i) विशेष गरीर ग्रामीण क्षेत्रका तीक्ष्ण वुद्दि भएका विद्यर्थीहरुलाई ससल शिक्षा प्रदान गराएर शिक्षाको महत्व, जवनको आदर्श, वातवरण प्रति जागरुक, कतिपय जोखिमपूर्ण कार्य अनि शारीरिक शिक्षा प्रदान गराउनु हो ।

(ii) विद्यार्थीहरुलाई कमसेकम तीनवटा भाषामा सक्षम गराउनु पनि हो ।

(iii) राट्रीय हितको लागि माईग्रेशन निति द्वारा कक्षा () का विद्यथीहरुलाई एक हिन्दी भाषी क्षेत्रदेखि अर्को अहिन्दी भाषी क्षेत्रमा त्यसै गरी अहिन्दी भाषी क्षेत्रबाट हिन्दी भाषी क्षेत्रमा पठाइने गरिन्छ ।

(iv) प्रत्येक जिल्लाका उचित अनि अब्बल शिक्षाको केन्द्र विन्दु वनाएअर आफ्ना अनुभव र सुविधाहरुद्वारा मोडल विद्यलयको रुपमा खडा हुनु पनि हो ।

## १.३ प्रति राज्य जवाहर नवोदय विद्यालयको वितरण (Statewise distribution of JNV )

नवोदय विद्यालय समिति योजना अनुसार एउटा जवाहर नवोदय विद्यालय राज्यको प्रत्येक जिल्लामा स्थपित हुनु पर्ने हुन्छ । वर्तमान ६६० वटा नवोदय विद्यालयहरु भारतको २८ वटा राज्य अनि ०१ वटा केन्द्र शासित प्रदेशहरुमा स्वीकृत छन् । ती मध्ये ६२३ वटा मात्र संचालित छन । प्राति राज्य जेएनभीहरु तल दिइएको तालिक अन्तर्गत स्वीकृत छन् ।

| | | | | | |
|---|---|---|---|---|---|
| आन्ध्रा प्रदेश | १३+२ | हिमाचल प्रदेश | १२ | पंजाब | २२+१ |
| आसाम | २७+१ | जम्मू कास्मीर | २२+१ | पुडुचेरी | ०४ |
| अरुणाचल प्रदेश | १८ | झारखण्ड | २४+२ | राजस्थान | ३३+२ |
| अण्डमान निकोवर द्वीप | ०३ | कर्नाटक | ३०+१ | सिक्किम | ०४ |
| बिहार | ३८+१ | केरला | १४ | त्रिपुरा | ०८ |
| चण्डीगड | ०१ | लक्षद्वीप | ०१ | तेलेंगना | ०९ |
| छत्तीसगढ | २७+१ | मध्यप्रदेश | ५१+२ | उत्तर प्रदेश | ७५+१ |
| दिल्ली | ०९ | महाराष्ट्र | ३३+१ | उत्तर खण्ड | १३ |
| दमन एवं डयु | ०२ | मणिपुर | ९+२ | पश्चिम वंगाल | १९+१ |
| दादर नगर हवेली | ०१ | मेघालय | ११+१ | गोवा | ०२ |
| गुजरात | ३३+१ | नागालैण्ड | ११ | हरियाणा | २१ |
| ओडिसा | ३१+१ | | | | |

** अतिरिक्त जेएनभीहरु एस.सी/एस.टी बहुल जिल्लाहरुमा स्वीकृत गरिएको छ । प्रत्येक वर्षमा जे एन भे चयन परीक्षा मार्फत अधिक संख्यामा ८० विद्यार्थीहरु कक्षा (VI) मा भर्ना गर्ने गरिन्छ । नबोदय विद्यालय समितिले नै ८० देखि ४० संख्या पुर्याउनु अथवा चयन परीक्षा आयोजना गराउनु नगराउनु यी सव विषयका कुराहरु तय गर्ने छ ।

१.४ जवाहर नवोदय विद्यालय चयन परीक्षा २०१९ (JNVST 2019)

जवाहर नवोदय विद्यालय चयन परीक्षा कक्षा छ (VI) सत्र २०१९–२० निम्नवत तारीकहरुमा संचालन हुनेछ ।

(क) शनिवार १२ जनवरी २०१९ समय ११.३० .. आन्द्रा प्रदेश, अरुणाचल प्रदेश, (दिवाङ भेल्ली,तवाङ भेल्ली छोडेर) बिहार छत्तीसगढ, गोवा, गुजरात, हरियाणा, जिमाचल प्रदेश (चंबा, किन्नौर, मण्डी, सिरमौर, कुल्लुउ, लाहवल स्पीति अनि सिमला जिल्लाहरु छोडेर) झारखण्ड, केरला, कर्नाटक, मध्यप्रदेश, महाराष्ट्र, मणिपुर, लोडिशा, पंजाब, राजस्थान, त्रिपुरा, तेलेंगना, उत्तर प्रदेश एवं पश्चिम बंगाल (दार्जिलिङ्ग) छोडेर) अण्डमान निकोवर द्वीपसमूह, चण्डीगढ, दादरा नगर हवेली, दमन दिउ, दिल्ली, लक्ष्यद्वीप अनि पुडुचेरी जस्ता केन्द्र शासित प्रदेशहरुमा उपरोक्त दिनाङ्क अ समयमा चयन परीक्षा आयोजन हुनेछ ।

(ख) शनिवार १३ अप्रैल २०१९ समय ११.३० .. जम्मु काश्मीर मेघालय, मिजोराम, नागालैण्ड, सिक्किम, उत्तरखण्ड अनि अरुणाचल प्रदेशको दिवाङ्ग भेल्ली, तवाङ, हिमाचल प्रदेशको चंबा, कुल्लू, मण्डी, सिरमौर, किन्नौर, समला अनि लाहौल स्पीति जिल्लाहरु अनि पश्चिम वंगालको दार्जिलिङ्ग जस्ता स्थानहरुमा मथि दिइएको समय र दिनमा परीक्षा आयोजन हुनेछ ।

अन लाइन फारम जम्मा गर्ने अन्तिम तारीख ३१ अक्टोवर २०१८

कसरी जेएनभीको चयन परीक्षामा फारम भर्न सकिन्छ (How to apply JNV Selection Test)

जवाहर नवोदय विद्यालय चयन परीक्षा २०१९ को लागि अनलाईन फारम रेजिस्ट्रेशन नर्ने विधि ।

जेएनभी चयन परीक्षाको आवेदन फारम अनलाईन विधिद्वारा निशुल्क भर्न सकिन्छ । रेजिस्ट्रेशन निशुल्क रुपमा गर्न सकिन्छ यस माद्यामद्वारा admission portal of NVS website linked through [WWW.navodaya.gov.in](http://WWW.navodaya.gov.in) आवसीय प्रमाण पत्र, जन्म तिथि एवं अन्य आवश्याक पत्रको चाँच अभ्यार्थीको चयन भएपछि मात्र गरिनेछ ।

(ग) पास भएको अभ्यार्थीले आफू पढदै गरको विध्यालयवाट हेडमास्टर/प्रार्चायद्वारा हस्ताक्षरित कक्षा व को अघ्यानरत प्रमाण पत्र जम्मा गर्नुपर्छ । जहानेर आफू स्वंय अनि अविभावक अथवा मातापिताले पनि सही गरेको हुनुपर्छ । यी सवै अनलाईन अपलोड गर्नुपर्नेछ ।

(घ) कुनै पनि अभ्यार्थीले अनलाइन फारम भर्दा फारममा आफ्नो र मातापिताको सही गर्नु भुल्नु हुदैन । अपलोड चाहि JPG फर्मेटमा १०–१०० केवे मा मात्र गर्नुपर्छ ।

(ङ) अभ्यार्थी यदि NIOS को भएमा उसले 'बी' सर्टिफिकेट प्राप्त गर्नुपने्छ र आवासीय प्रमाण पत्र चाहि उही जिल्लाको हुनुपर्नेछ जहाँ उसले एडमिसन चाहान्छ ।

(च) अनलाईन प्लेटफार्म एउटा मुक्त स्रोत हो । आवेदन फारम लेपटाप, मोबाईल, टेवलेट आदिको माध्यामद्वारा जम्मा गर्न सकिन्छ ।

२.२ प्रवेश पत्र तल दिइएको समय अनुसार डाउनलोड गर्न सकिन्छ :–

| जुन तारीखमा परीक्षा आयोजन हुनेछ | प्रवेश पत्र डाउनलोड गर्ने मिति (संभवत) |
|---|---|
| १२ जनवरी २०१९ (सम्मर बाउन्ड जेएनभीहरु) | १५.१२.२०१८ |
| १३ अप्रैल २०१९ ( अघिक ठण्डा अनि ठण्डा प्रदेशका जेएनवीहरु) | १०.०३.२०२० |

२.३ चयन परीक्षाको परिणाम (Result of the selection Test)

चयन परीक्षा २०१९ को परिणाम अप्रैल/मई २०१९ को प्रथम सप्ताह ग्रीष्मकलिन जेएनभीका लागि अनि मई २०१९ को अन्तिम सप्ताहतिर चाहि शीतकालीन जेएनभीहरुमा सम्भवत घोषणा गरिनेछ । परिणाम निम्नलिखित

१] जवाहर नवोदय विद्यालय

२] जिल्ला शिक्षा अधिकारी

३] जिल्लाधिकारी (डी.एम,)

४) उपायुक्त, नवोदय विद्यालय समिति पट्ना संभाग ।

५] चयन परीक्षाको परिणाम नवोदय विद्यालय समितिको वेवसाइड [www.navodaya.gov.in](http://www.navodaya.gov.in) अभ्यार्थीहरुले एडमिसन पोर्टलमा पनि परिणाम हेर्न सक्नेछन ।

६] सम्बन्धित जवाहर नवोदय विद्यालयका प्राचार्यहरुलाई प्नि स्पेड पोस्तद्वारा चयनित अभ्यर्थीहरुको सूचना उपलव्ध गराइनेछ ।

३. चयन तथा प्रवेश (Selection and admission)

३अ ) केवल चयन परीक्षामा पास हुनु नै जे.एन.भी. मा प्रवेशको लागि हकदार मानिदैन । प्रवेश पाउनलाई प्रत्येक अभ्यार्थीले नवोदय विद्यलय समितिले निर्धारित गरेको आवश्याक प्रमाण पत्रहरु देखाउनु पर्नेछ तवसम्मलाई अभ्यार्थेको चयनलाई अस्थायी मानिनेछ ।

३ब) कुनै पनि आपत्तिको स्थितिमा नवोदय विद्यालय समितिको निर्णय नै अन्तिम हुनेछ जसलाई अभ्यार्थीले मान्नुपर्नेछ ।

३स) उत्तर पुस्तिकाको पुन: मुल्याकंन गरिने कुनै पावधान छैन । किनकि चयन परीक्षा परिणाम कम्पुटरको सहायताले गरिएको हुन्छ । अत: परिणाम तयार गरिदा गलतीलाई सुधार्ने कार्यमा पूर्णता ध्यान दिइएको हुन्छ । यसकारण पुन: अंक्हरुको योग इत्यादिको आग्रहलाई स्वीकार गरिदैन ।

२ ढ) अभ्यार्थी एवं उनका मातापिता/अभिभावकले विशेष गरीर ध्यान दिउ पर्द्छ कि नवोदय विद्यालयको योजना अनसार जव विध्यार्थी कक्षा नवम् मा पुग्दा तव उसलाई हिन्दी भाषी राज्यमा स्थित एक जे. एन. भी. देखि अहिन्दी भाषी राज्यको अर्को जे.एन.भी.मा जानु पर्ने स्थिति पनि आउँदछ । यसकारण प्रवर्जन (Migration) को निंति चुनिएको छात्र–छात्राद्वारा जानलाई स्वीकृति दिदैन भने उसलाई विद्यालयमा अद्ययान जारी राख्न दिइने छैन ।

३इ) अभ्यार्थी तथा उनका मातापिटता/अविभावकको ध्यानमा राख्नुपर्ने कुरा के छ भने चयनित छात्र–छात्राले त्यही जिल्लाको जवाहर नवोदय विद्यालयमा प्रवेश पाउनेछन जहाँ उसले चयन परीक्षा दिएको हुन्छ । कुनै पनि परिस्थितिमा अन्य जवाहर नवोदय विद्यालयमा प्रवेश दिइने छैन । विद्यार्थीको पढाईको अवधिमा उनका मातापिता/अविभावकको उक्त जिल्लावाट अन्य जिल्लामा स्थानंतरण हुन्छ भने विद्यार्थीले उक्त राज्यको जे.एन.भी. मा प्रवेश पाउनलाई गरिने प्रभावलाई स्वीकार गरिने छैन ।

३छ) चयन भएको खण्डमा अनुसुचित जाति/जन जातिका अभ्यार्थीहरुले प्रवेशको समय जातिको प्रमाण पत्र प्रस्तुत गर्नुपर्दछ । यस्ता प्रमाण पत्र सक्षम अधिकारीको तर्फबाट १५ अप्रैल भन्दा अघि प्राप्त गर्नुपर्छ ताकि त्यो प्रमाण पत्र संबधित जे.एन.भी. का प्राचार्यलाई प्रवेशको समय दिन सकियोस । उदाहरणार्थ सत्र २०१९–२० को लागि प्रवेश माग्ने अभ्याथीले जाति प्रमाण पत्र १५ अप्रैल २०१९ भन्दा अघि नै प्राप्त गरिसक्नु पर्नेछ ।

३ज) ग्रामीन क्षेत्रवाट प्रवेशमा चयन हुने अभ्यार्थीले कक्षा ३,४,५ क्रमंशले ग्रामीन क्षेत्रमा पढेको हो भन्ने प्रस्तुत गर्नुपर्दछ ।

३झ) यदि चयनित अभ्यार्थी कुनै पनि पकारको वैकलंगता (अस्थि,श्रवण एवं दृष्टि सम्बन्धित विकलांगता) को श्रेणीमा आउँछ भने प्रवेशको समय उक्त जिल्लाको चिकित्सक अधिकारी द्वारा जारी गरिएको चिकित्सा प्रमाण पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्छ ।

३य) यदि कुनै पनि चयनित अभ्यार्थी दिब्याङ्ग श्रेणी( शारीरिक दिव्यांगता, बहिरोपन, अन्धोपन) मा आउछ भने ती अभ्यार्थीले त्यही जिल्लाको विध्यालयमा पढ्न सक्छन जहाँ उसले कक्षा पाँच पढदै गरेको हुन्छ । तर उक्त कुराको जानकारी JNVST को फारम भर्दा नै ज्ञात दिलाएको हुनुपर्नेछ ।

३ञ) अभ्यार्थी यदि नपुन्सक (Transgender) वर्गमा आउँछ भने उसले पढदै गरेको विद्यालयमा नै पढाई लगातार गर्न सक्छन । तिनीहरुले उक्त कुराको लागि एउटा प्रमाण पत्र जारी गनु पर्नेछ उक्त प्रमाण पत्र राज्य सरकारको सम्वन्धित अधिकारी द्वारा लिंग सम्बन्धी जानकारी गराएको हुनु पर्दछ ।

४. आवेदनको लागि को योग्य छन ? (Who is eligible)

सबै अभ्यार्थीको लागिः–

४क) जुन जिल्लामा जवाहर नवोदय विद्यालय छ त्यस जिल्लाभित्रका अभ्यार्थीले मात्र प्रवेश परीक्षाको लागि फारम भर्न सक्नेछन । यद्यापि कुने पनि नया जिल्ल घोषणा गरिए त्यहाँ अर्को जे.एन.भी. स्थापित गरिन्छ भने पुरानो जिल्लाका जे.एन.भी मा त्यस जिल्लाका अभ्यार्थीहरुले फारम भर्न सक्नेछन नयाँ जिल्लामा पूर्ण रुपले जे.एन.भी. चालु गरिदैन ।

४ख) प्रवेशको लागि आवेदकको जन्म ०१.०५.२००६ देखि पछाडि ३०.०४.२०१० भित्रमा हुनु पर्नेछ । यो आयु सीमा वर्ग अनुसूचित जाति–जन जाति लगायत अन्य सवै वर्गको लागि समान रुपमा लागु हुनेछ । उमेर अधिक रहिको सन्देह भएमा आवेदकको सही उमेरको पुष्टिको लागि मेडिकल वोर्डको जाँच द्वारा निक्षिचत गराइनेछ अनि उक्त वोर्डको निर्णय नै सर्वोपरि मानिनेछ ।

४ग) एकजाना अभ्यार्थीले चयन परीक्षामा भाग लिनको लागि शैक्षणिक सत्र २०१८–१९ मा पूर्ण रुपले सरकारी/सरकारद्वारा वित्त घोषित/अन्य पंजेकृत विध्यालयहरुमा पढेको हुनुपर्दछ । राष्ट्रीय मुक्त विध्याअलयवाट आवेदन भर्ने अभ्यार्थीले ‘वी’’ प्रमाण पत्र ग्रहन गरेको हुनु पर्नेछ  अनि उनी पनी त्यही जिल्लामा अद्यानरत हुनुपर्नेछ । उक्त प्रमाण पत्रलाई डी० ई० ओ०/डी० आई० ओ० एस० द्वारा सत्यापित गरेको हुनु पर्नेछ । श्रेणीवद्द केन्द्र/सर्व शिक्षा संस्थान/राष्ट्रीय मुक्त विद्यालयको आवेदकहरुले ग्रामीण स्तरको तहसीलवाट/जिल्लाधिकारी द्वारा विगत तीन वर्ष सम्म त्यही जिल्लामा निवास गरेको प्रमाणित गराईएको हुनुपर्नेछ ।

४घ)ग्रामीन कोटा अन्तर्गत नामांकनको लागि दावी पेश गर्ने अभ्यार्थीले लगातारवर्षहरुमा कुनै सरकारी/सह सरकरी सहयोगमा संचालित/सरकारद्वारा पंजीकृत विद्यालयहरुवाट कक्षा ३,४,५ पढेको हुनुपर्छ ।

४ङ) राष्ट्रीय मुक्ता विद्यालयका अभ्यर्थीहरुले  ‘बी’ प्रमान पत्र हासिल गर्न जरुई छ/ वाछित आयसीमाको अन्तर्गत आउने यस्ता अभ्यार्थी जो कक्षा ५ मा अद्यानरत छन यस्ता अभ्यर्थीहरुले जिल्ला शिक्षा अधिकारीवाट प्रमाण पत्र सत्यपित गराउनु पर्नेछ ।

४च) यस्तो अभ्यर्थी जो चाहि १५ सितंवर २०१८ सम्म पस भएअर पनि कक्षा ५ म भर्ना गरेको डैनन् भने उनी आबेदनको लागि योग्य हुने छैनन् ।

४छ) कसैले पनि अभ्यार्थी पुनः दोस्रो पल्ट चयन परीक्षामा भाग लिन पाउने छैन ।

५. चयन परीक्षामा पास हुने छात्र/छात्राका अविभावक/मातापिताले नामांकनको समय निम्न लिखित प्रमाण प्रपत्र जमा गर्नुपर्नेछ ।

(क) निवास प्रमाण पत्र ।

(ख) जन्म तिथि प्रमाण पट्र, यदि कुनै शंका भएमा चिकित्सा जाँच  अनिवार्य रुपमा गराईनेछ अनि त्यसको जाँच पडताल हुनेछ ।

(ग) योग्यताको प्रमाण पत्र न. वि.स. को शर्त अनुसार हुनुपर्नेछ।

(घ) ग्रामीन कोटाबाट चयन भएका अभ्यार्थीका माता पिताले आफ्नो पाल्य/पाल्या पढेको विद्यालय ग्रामीन क्षेत्रामा अवस्थित छ भन्ने प्रमाण पत्र प्रस्तुत गर्नु पर्नेछ।

(ङ) अन्य कागजपत्र हो चाहि आवश्याक छन।

ग्रामीन अभ्यार्थीहरुका लागि (

(i) प्रत्येक जिल्लामा कमसेकम ७५ % स्थान ग्रामीण क्षेत्रवाट चुनिएका अभ्यार्थीहद्वारा अनि रहल सोही जिल्लाका शहरी क्षत्रबाट चुनिएका अभ्यार्थीहरुद्वारा भरिनेछ।

(ii) ग्रामीन कोटा अन्तर्गत प्रवेश लिने इच्छुक अभ्यार्थीले कुनै पनि मान्यताप्राप्त सरकारी विद्यालय बाट कक्षा ३,४,५ को पूर्ण सत्र अद्यान पूरा गरेको हुनुपर्नेछ। आवेदकले यद्यापि कक्षा ५ को अद्यान सोही जिल्लावाट पूरा गरेको छभने उनी फारमा भर्नलाई योग्य रहने छ।

(iii) यदि अभ्यार्थी NIoS योजना अन्तर्गत अद्यानरत छन भने उसले जिल्लाधिकारी/तहसीलदार/खण्डविकाश अधिकारी द्वारा प्रमाण पत्र हासिल गर्नु पर्नेछ।

शहरी अभ्यर्थीहरुका लागि (

कुनै पनि अभ्यार्थीले शहरी क्षेत्रमा स्थित विद्यालयमा ३,४,५ कक्षाहरुको अद्यायान शिक्षा सत्र अन्तर्गत एकै दि पनि गरेको छ भने उसलाइ शहरी क्षेत्र मानिनेछ  जसलाई २०११ को जनगणना अथवा त्यसपछिको कुनै सरकारी अधिसुचनाद्वारा निर्धारित गरिएको होस। शेष सवै क्षेत्रलाई ग्रामीन मानिनेछ॥

<u>**FOR TRANSGENDER CANDIDATES**</u> को लागि कुनै अलग छुट उपलव्ध गराईएको छैन अर्थत तिनीहरुलाई केट वर्गमा अन्तर्भुक्त गराईने छ अनि त्यसका शाखा वर्ग जस्तै शहरी, ग्रामीन,अ,जा, अथवा दिव्याङ्ग वर्गमा गाभिनेछ।

## सीटको आरक्षण (Reservation of seats) :–

() प्रत्येक जिल्लामा कमसेकम ७५ % स्थान ग्रामीन क्षेत्रवाट चुनिएका अभ्यार्थीहरुद्वारा अनि रहल प्रतिशत सोही जिल्लाका शहरी क्षेत्रवाट चुनिएका अभ्यार्थीहरुद्वारा भरिनेछ।

() अनुसूचित जाति अनि जनजाति वर्गका अभ्यार्थीहरुका निम्ति आरक्षण, जिल्लामा तिनिईहरुका जनसंख्याको अनुपातको  आधारमा दिइन्छ। यद्यापि कुनैपनि जिल्लामा यो राष्ट्रीय अनुपात (१५% अ.जा को लागि अनि ५ % अन जन जातिको लागि) देखि कम्ती नभई दुवै मिलाएर अधिकतम ५०% अधिक पनि हुनु हुदैन। खुला योग्यताधारी अभ्यार्थीहरुका लागि निर्धारित सीटलाई छोढेर यसमा अत: परिवर्तन हुन सक्छ।

() एक तिहाई सीट छात्राहरुद्वारा भरिने छ।

() ३ % सीट विकालांग (शारीरिक, श्रवण, अनि अन्धोपन) को आरक्षित राख्ने प्रावधान छ।

नेत्रहीनता :– यदि यस्तो स्थिति सृजित छभने।

(क) पूर्ण दृष्ट्रिहीनता वा

(ख) दृष्ट्रिदोश को  शुद्दिलेखको साथ ६/६० वा २०/२०० देखि अधिक नहोस ।

(ग) दृष्ट्रि क्षेत्रको सीमा २०° अन्तर्गतको कोण अतवा यो भन्दा पनि खराव होस ।

श्रवण दोष :– आवृत्तिको वार्तालाब श्रेणीमा प्रभावित कनमा ६० डेसिविल या त्योभन्दा अधिक क्षति होस ।

शारीरिक विकलागंता:– हड्डेको जोडने वा मांशपेशीको ससमर्थताको कारण अंगहरु क्रियामा वास्ताविक कमी अथवा अन्य कुनै प्रकारको प्रमास्तिष्क  धात (cerebral palsy) भएको होस ।

विकलांग अभ्यार्थी :– कुनै पनि विकलांगपना जुन चाहि ४० % भन्दा कम्ती हुनु हुदैन जसलाई चिकित्सा अधिकारीद्वारा प्रमाणित गरिएको होस ।

५. चयन परीक्षाको विषयमा (About the Selection Test)

०१. परीक्षा केन्द्र ;– अभ्यार्थीले भरेको प्रवेश पत्रको सूचना अनुसार नै परीक्षा  दिन सक्छन । कुनै अभ्यर्थीलाई अर्को परीक्षा केन्द्रमा वस्न  दिइने छैन ।  यस सम्वन्धमा गरिएको प्रार्थानालई स्वीकार गरिने छैन । कुनै पनि अभ्यार्थीलाइ सही प्रवेश  पत्र विना परीक्षामा बस्नु दिइने छैन । प्रवेश पत्र नविसको वेवसाइटवाट (NVS HQ)- www.navodaya.gov.in बाट पनि डाउनलोड गर्न सकिने छ ।

०२. परीक्षाको माध्याम:– जवाहर नवोदय विद्यालय चयन परीक्षा दिइएको राज्यव्यापी भाषाहरुमा संचालन गरिन्छ ।

| राज्यको नाम | भाषाहरु |
|---|---|
| अन्दमान निकोवर द्वेपसमुह | हिन्दी, अंग्रेजी, तामिल,उर्दू, वगांली |
| आन्ध्रा प्रदेश | हिन्दी, अंग्रेजी, तेलेगु, मराठी, उर्दु, उडिया, कन्नड |
| अरुणाचल प्रदेश | हिन्दी, अंग्रेजी |
| आसाम | हिन्दी, अंग्रेजी, असमिया, बोडो, वंगालीमणिपुरी, मणिपुरी (मैते सयैक) |
| बिहार | हिन्दी, अंग्रेजी, उर्दू |
| चन्डीगढ | हिन्दी, अंग्रेजी, पंजबी |
| छत्तीसगढ | हिन्दी, अंग्रेजी |
| दिल्ली | हिन्दी, अंग्रेजी |
| गोवा | हिन्दी, अंग्रेजी,मराठी, कन्नड |
| गुजरात | हिन्दी, अंग्रेजी, गुजराती, मराठी |
| हरियाणा | हिन्दी, अंग्रेजी |
| हिमाचल प्रदेश | हिन्दी, अंग्रेजी |
| जम्मु काश्मीर | हिन्दी, अंग्रेजी, उर्दू |
| झारखण्ड | हिन्दी, अंग्रेजी, उडिया, उर्दू |
| कर्नाटक | हिन्दी, अंग्रेजी, कन्नाड, तेलेगु, मराठी, उर्दु, मलायलम, तामिल |

| | |
|---|---|
| केरला | हिन्दी, अंग्रेजी,मलायलम |
| लक्षद्वीप (केन्द्र शासित) | हिन्दी, अंग्रेजी,मलायलम |
| मद्यप्रदेश | हिन्दी, अंग्रेजी, उर्दु,मराठी, गुजराती |
| महाराष्ट्र | हिन्दी, अंग्रेजी,कन्नड, मराठी, उर्दू, तेलेगु, गुजराती |
| मणिपुर | हिन्दी, अंग्रेजी, मैते, मचेक (मणिपुरी) |
| मेघालय | हिन्दी, अंग्रेजी,, खासी, गारो, वगांली, असमिया |
| मिजोराम | हिन्दी, अंग्रेजी, मिजो |
| नागाल्यण्ड | हिन्दी, अंग्रेजी |
| ओडिसा | हिन्दी, अंग्रेजी,तेलेगु, उडिया, उर्दु |
| पुडुचेरी | हिन्दी, अंग्रेजी, तेलेगु, कन्नड, मराठी, उर्दू |
| पंजाब | हिन्दी, अंग्रेजी, पंजाबी |
| राजस्थान | हिन्दी, अंग्रेजी, |
| सिकिम | हिन्दी, अंग्रेजी, नेपाली |
| तेलेंगना | हिन्दी, अंग्रेजी,तेलेगु, कन्नड, मराठी, उर्दू |
| त्रिपुरा | हिन्दी, अंग्रेजी, बंगाली |
| दमन एवं दिउ (केन्द्र शासित) | हिन्दी, अंग्रेजी, गुजराती |
| दादर नगर हवेली (केन्द्र शासित) | हिन्दी, अंग्रेजी, गुजराती, मराठी |
| उत्तर प्रदेश | हिन्दी, अंग्रेजी, उर्दू |
| उत्तर खण्डा | हिन्दी, अंग्रेजी, उर्दू |
| पश्चिम वंगाल | हिन्दी, अंग्रेजी, वंगाली, नेपाले,उर्दू |

नोटः– एकजाना अभ्यर्थीलाई उसले आवेदन फारम बरेको भाषा अनुसार नै एउटा टेस्ट बुकलेट दिइनेछ ।

०३. परीक्षाको संरचनाअ ()

चयन परीक्षा २ घण्टा समय अवधिको हुनेछ [ ११.३० देखि लिएर १.३० वजे सम्म]

प्रत्येक खण्डमा वस्तुनिष्ठा प्रकारको प्रश्नहरु हुनेछन । कूल १०० वटा प्रश्नहरु हुनेछन अनि प्राप्ताङ्ग पनि १०० अंक  नै रहनेछ। प्रत्येक प्रश्न १ अंकको हुनेछ।

| जाँचको प्रकार | प्रश्न्हरुको संख्या | अंक | समयावधि (मिनटम) |
|---|---|---|---|
| मानसिक योग्यता परीक्षा | ५० | ५० | ६० |
| अंकगणित | २५ | २५ | ३० |
| भाषा परीक्षा | २५ | २५ | ३० |

प्रत्येक अभ्यार्थीलाई तीन खण्डमा विबाजित प्रश्न पुस्तिका () उपलब्ध गराईनेछ अतिरिक्त ३० मिनटको समय विभिन्न प्रकारको दिव्याङ्ग अभ्यार्थीहरुलाई दिइनेछ।

४क) उत्तर अंकित गर्ने तरीका

अभ्यार्थीलाई एक अलग उत्तर पुस्तिका दिइन्छ। अभ्यार्थीहरुले आफ्नोमा भएको उत्तर पत्रमा उपयुक्त स्थानमा उत्तर संकेत गर्नु पर्नेछ। उत्तर पत्र बुद्दि चरित्र अभिज्ञान (ICR)/optical character recognition को हुनेछ। जसको नमुना प्रतिरुप संलग्न छ।

अभ्यार्थीले केवल नीलो/कालो वल पेन प्रयोग गर्न सक्नेछन। पेन्सीलद्वारा उत्तर संकेत गर्नु मनाही छ।

प्रत्येक प्रश्नको चार संभवित अन्तरहरु छन जसमध्ये केवल एक मात्र सही छ। अभ्याथीले ती चारमध्येबाट चुनेर सही उत्तर संकेत गर्छन् भने अपेक्षा गरिएको हुन्छ। उत्तर संभवत संख्या १,२,३,४ मद्येमा हुनेछ। कुनै अरु विधि जस्तै चिन्ह लगाउनु या ए लेख्नु अमान्य हुनेछ। प्रश्न ३७ को उत्तर ३ हो भने यसरी उत्तर लेख्नु पर्छ ३७[३]

(क) लिखित उत्तर पुस्तिकामा कुनै प्रकारको परिर्तन्को अनुमति छैन। काटेर फेरी लेख्नु पुनः लेख्नु, मेटाउनु आदि मान्य हुनेछैन।

(ख) प्रत्येक सही उत्तर्को लागि १ अंक दिइनेछ।

(ग) गलत अंक काटिने छैन।

५. निर्देश एवं उदाहरणहरु ;–

() प्रत्येक अभ्यार्थीले जाँच पुस्तिकाको आवरण पृष्टमा दिइएको निर्देशको प्रत्येक खण्डमा भएको उत्तर लेख्नु अघि ध्यानपूर्वक अध्यान गर्नुपर्छ। प्रत्येक अभ्यार्थीले परीक्षा शुरु हुन अधि नै आफूले आवेदन फारममा मागेको भाषा नै प्रश्न पुस्तिका उपलब्ध छ कि छैन बनेर सुनिश्चित गर्नुपर्छ। यदि आफूले मागेको भाषामा त्यो प्रश्न पुस्तिका छैन बने परीक्षा आरम्भव हुनअघि नै बदलाउनु पर्छ। परीक्षा आरम्भव भईसकेपछि गरिएको प्रर्थानास्वीकार्य हुनेछैन।

(a)बिना अन्तरालको लगातर २ घण्टाको समय परीक्षाको निम्ती हुनेछ। अतिरिक्त ३० मिनटको समय दिब्याङ्ग वर्गका अभ्यर्थीलाई दिइनेछ।

(b) तीनै वर्गको जाँचको प्रत्येक खण्डमा अभ्यार्थीले कमसेकम पास अंक ल्याउनु जरुरी छ। यसकारण अभ्यार्थीले एकै खण्डमा धेरै समय नविताउने सुझाव दिइन्छ। यद्यापि अभ्यार्थीलाई समय प्रवन्धन गर्ने अधिकार दिइनेछ।

(c) प्रत्येक ३० मिनट पछि घण्टी बज्नेच।

(d) कुनै पनि अभ्यार्थीलाइ प्रवेश पत्र (admit Card) विना परीक्षा भवनमा प्रवेश गर्न दिइने छैन।

(i)अभ्यार्थीले परीक्षा भवनभित्र दिइएको स्थानमा ११.०० बजे वसेको हुनु पर्छ। ढिलो गरी आउनेलाई परीक्षामा बस्न दिइने छैन।

(ii)कुनै पनि अभ्यार्थीलाई परीक्षको समयावधि पूरा नभइन्जेल परीक्षा हल छोडन दिइने छैन।

परीक्षको स्वरुप (

(iii) कुनै पनि अभ्यार्थीलाई परीक्षाको समय अवधि पूरा नभईन्जेल परीक्षा हल चोडन दिइने छैन।

## **परीक्षाको स्वरुप (Nature of the test)**

अनुभाग १ मानसिक योग्यता जाँच (मेन्टल अबिलिट्य टेस्ट)

यो पुर्णत: अशब्दिक परीक्षा हो । यसम प्रश्न केवल चित्रे तथा आकृतिको आधारमा हुने गर्छ । यस्ता प्राश्नहरुको उद्धेश्य अभ्यार्थीको सामन्य मानसिक कर्म्सक्षमतालाई चाँच्ने काम हुन्छ । यस खण्डमा खुल दस भाग हुन्छन र प्रत्येक भागमा ५–५ वटा प्रश्नहरु हुन्छन । तल केही उदाहरण दिएका छन ;

प्रकार – १

प्रश्न १ देखि ३ सम्म चारवटा आकृतिहरु १,२,३,४ दिइएका छन, यी आकृतिहरु तीन वटा एकै प्रकारका छन भने एउटा चाहि केही भिन्न छ । उक्त आकृतिलाई चुनेर लेख्नुपर्छ ।

१ २ ३ ४

सही उत्तर – १

प्रकर २ (Figure matching)

प्रश्न ६ देखि १० एउटा समस्या आकृति देब्रेतिर दिइएको छ अनि चारवटा आकृतिहरु १,२,३,४ दाहिनेतर्फ दिइएको छ । यी मध्येवाट एउटा आकृति चुनेर लेख्नु पर्नेछ जुन चाहि समस्या आकृतिसंग मोल्दो हुने गर्छ ।

सही उत्तर (३)

प्रकार ३ (Pattern completion)

प्रश्न ११ देखि १५ सम्म यहाँ देब्रेतर्फ समस्या आकृति छ, त्यो आकृतिको एक हिस्सा गायब छ । परेक्षार्थीले उत्तर आकृतिहरु १,२,३,४ जो चाहि दाहिने तर्फ दिइएको छ त्यसबाट दिशा परिवर्तन नगरीकन एक आकृति चुनेर जहाँनेर हिस्सा जोडेर उक्त आकृति पुरा हुनेछ ।

सही उत्तर (१)

प्रकार ४ (Figure series completion)

अनुदेश

प्रश्न १६ देखि २० सम्म यहाँनेर तीनवटा समस्या आकृतिहरु देव्रेअलाई छन अनि चौथो आकृति पूरा गर्नको लागि खाली स्थान छोडिएको छ । समस्या आकृतिहरु श्रृंखलाबद्द छ । अभ्यार्थीले ग्यो आकृतिको खोजी गर्नुपर्छ जुनचाहै आकृतिले चौथो आकृतिलाई पूरा गर्छ ।

प्रकार ५ (Analogy)

अनुदेश ;

प्रश्न २१ देखि २५ सम्म यहाँनेर दुइ जोडा आकृतिहरु दिइएका छन । दोस्रो जोडामा एउटा प्रश्न (?) चिन्ह अंकित छन । प्रथम दुइ समस्या आकृतिमा सम्बन्ध छ । यसरी नै तेस्रो र चौथो समस्या आकृतिमा पनि सोही प्रकारको संबन्ध छ । अभ्यार्थीले एउटा आकृति चुनेर प्रश्नवाचक चिन्हको स्थानमा लगाएर उत्तर पूरा गर्नुपर्छ ।

सही उत्तर – (१)

प्रकार ६ (Geometrical figure completion)

अनुदेश:

प्रश्न ३१ देखि ३५ सम्म त्यहाँ एउटा समस्या आकृति देव्रेतर्फ दिइएको छ अनि चार्वटा आकृतिहरु १,२,३,४ उत्तरका रुपमा दिइएको छन जो चाहि दाहिने तर्फ छ । तीमध्ये कुनचाहि पक्का आकृति हो जुनचाहि दर्पण समस्यासंग संबन्धित छ, जब दर्पणलाई XY मा राखिएको छ –

सही उत्तर (१)

प्रकार – VIII ( Punched hold pattern- Folding and Unfolding)

प्रश्न ३६ देखि ४० सम्म एउटा कागजको टुक्रा मोडिएको छ जसरी हयाँ समस्या आकृतिमा देव्रेतिर देखाइएको अनि चारवटा उत्तर आकृतिहरु क्रमैले १,२,३,४ दाहिनेटतर्फ दिइएको छ । ती चारमध्येवाट एउटा आकृति चुन्नुहोस जसले त्यो मोडिएको कागज खोल्दा कस्तो देखिन्छ भन्ने सही वटताओस ।

सही उत्तर (१)

प्रकार – ९ (Space visualization)

अनुदेश;

प्रश्न ४१ देखि ४५ सम्म देव्रेअतर्फ एउटा समस्या आकृति दिइएको छ अनि दाहिनेतर्फ क्रमै संगले १,२,३,४ गरेर चारवटा उत्तर आकृति दिइएको छ । ती वैकल्पिक आकृति उत्तबाट एउटा यस्तो आकृति चुन्नुहोस जुनचाहि समस्या आकृतिमा काटेर देखाइएको कागचको टुक्राहरुले बनिएको जस्तै छ ।

सही उत्तर (४)

प्रकार – १० (Embded Figure)

प्रश्न ४६ देखि ५० सम्म एउटा समस्या आकृति देव्रेतिर छिइएको छ अनि चारवटा त्यस्तै प्रकारको आकृति १,२,३,४ गरेर उत्तरको रुप दाहिनेतिर दिइएको छ । त्यो उत्तर आकृति चुनेर लेख जहाँ त्यो आकृति लुकाइएको छ ।

सही उत्तर (२)

अनुभाग – २ अंकगणित परीक्षा (Arithmatic test)

यो परीक्षाको मुख्य उद्वेश्य अभ्यार्थीहरुक अंकगणित मौलिक दक्षतालाई माप गर्नु हो । तल दिइएका २५ प्रश्नहरु यी दिइएका १५ विषयहरुमा आधारित रहनेछन ।

१. संख्या र संख्या पद्दति ।
२. पूर्ण संख्याहरुमा चार आधाभूत सं क्रियता ।
३. अ भिन्नात्मक संख्या र उनमा चर आधारभूत संक्रियता ।
४. गुणनखण्ड र गुणांक एवं त्यसका गुण ।
५. संख्याहरुको लधुतम र महतमसमप्रवर्तक ।
६. दशमलव र त्यसको आधारभुत संक्रियता ।
७. दशमलव तथा दशमलवका भिन्नता बदलाउनु ।
८. मापन लंबाई,द्रव्यमान, धारिता, समय धन  आदि संख्याहरुको अनुप्रयोग ।
९. दूरी, समय तथा गति ।
१०.व्यांजकहरुको सन्निकटन ।
११.संख्यात्मक व्यांजकहरुको सरलीकरण ।
१२.प्रतिशत र त्यसको प्रयोग ।
१३.लाभ र हानि ।
१४.साधारण ब्याज ।
१५.परिमाप,क्षेत्रफल र आयातन ।

टिप्पणी:– धारणा तथा संबन्धित दक्षताको बोध तथा त्यसको परीक्षणमा विशेष बल दिइने छ । अंकगणित परीक्षामा आउने संभावित प्रश्नहरुको प्रकारको विषयमा अभ्यार्थीहरुको मार्गदर्शन हतु तल केही उदाहरण छ ।

उदाहण– १ (बोधकोपरीक्षण गर्नु)

१००० को अभाज्य गुणनखण्ड के हो ?

१. 10x10x10 3. 2x2x2x5x5

२. 2x5x5x10 4. 2x2x2x5x5x5

कुनै पनि संख्याको गुणनखण्डले यो बताउँछ, यदि (१) सवै गुणनकण्डका गुणा दिएको संख्याको बराबर होस तथा (०) प्रत्येक गुणनखण्ड अभाःय संख्या होस । यहाँ केवल संख्या ४ ले दुवैवटा आवश्याक्तालाई पूरा गर्दछ । यसकारण संख्या ४ नै सही उत्तर हो ।

उदाहण – २ बुझाईको जाँच (Test of understanding)

चार आँड संख्याको ओसत के हुन्छ ?

(१) ५, (२) ४ (३) ५ (४) १६

प्रथम चार आँड संख्याहरु हुन १.३.५ अनि ७ त्यसको औसत ९१+३+५+७)/४ यसकरण क्रम २ सही उत्तर हो ।

उदाहण– ३

एक किलोमिटर लमो एउटा मालगाडी एक किलोमीटर प्रति ३ मिनटको गतिमा चलिरहेछ डुई किलोमीटर सुरुँग पार गर्नलाई त्यो मालगाडीले समय लियो –

०१.१ मिनट ०३. ६ मिनट

०२.३ मिनट ०४. ५ मिनट

सुरुँगको लमाई २ कि. मी. तथा गाडीको लंबाई एक किमी छ । सुरुँग पार गर्नलाई मालगाडीले ३ किलोमिटर दुरी तय गर्नु पर्छ । यसकारण गाडीको गति १ किमी प्रति ३ मिनट हो भने मालगाडीले सुरुँग पार गर्नलाई ९ मिनट लिन्छ । यसकारण संख्या ४ सही उत्तर हो ।

## अनुभाग ०३ (भाषा परीक्षा)

यस परीक्षाको मुख्य उद्वेश्य अभ्यार्थीको पढई बोधलाई माप गर्नु हो । यसमा जम्मा ५ अनुच्छेद हुनेछन् । प्रत्येक अनुच्छेदमा ५ वटा प्रश्नहरु हुनेछन । अभ्यार्थीले ध्यानपूर्वक अनुच्छेदलाई पढ्नु पर्नेछ दिइएको प्रत्येक प्रश्नहरुको उत्तर दिनुपर्नेछ ।

### गद्यांश

तल एउटा प्रतिरुप गद्यांश दिइएको छ र त्यहाँ ५ वटा प्रश्नहरु पनि छन् ;–

केही वर्ष अघि जापानमा बस्ने नानीले जवाहरलाल नेहरुलाई एउटा हात्ती पठाई दिनु भनी एउटा चिठ्ठी पत्र लेखे । भारत देशको नानीहरुको तर्फबाट त्यो जापानी बालकलाई एउटा सुन्दर हात्ती पठाइयो । त्यो हाटी मैसुरदेखि आएको थियो । हात्तीलाई समुन्द्री मार्गद्वारा जापान पठाइयो । वब हात्ते टोकियो शहर

पुग्यो  तव त्यहाँ  हजारौको संख्यमा बालक बालिकाहरु उसलाई हेर्न आए । तीमध्येमा कतिजनाली कहिलेपनि हात्ती देखेका थिएनन् । यो राजसी पशु  उनको लागि भारतकै एक प्रतिक नै बन्नपुग्यो । यसरी जापान र भारतका नानेहरुको एक आपसमा सम्बन्ध भयो । नेहरुजीलाई यस कुराले प्रसन्नता दिलायो कि उक्त उपहारले जापानका अनेकौं नानीहरु प्रसन्न भए अनि हाम्रो देशको बारेमा सोच्न लागे ।

१.  'उनले उसलाई एक सुन्दर हात्ती पठाइदिए ।' यस वाक्यामा 'उसलाई' शब्दको प्रयोग निम्नलिखितमा कसको लागि प्रयोग गरिएको छ ?

१. मौसुरका नानीहरुका लागि ।    ३. जापनका नानीहरुका लागि ।

२. टोक्यिोका नानीहरुका लागि ।  ४. जापानको चिडियाधरको लागि ।

२.हात्तीले जापानको यात्रा कसरी गरयो ?

१. पानी जहाजद्वारा    ३. वायुयानद्वारा

२.रेलगाडीद्वारा    ४. सडक यात्राद्वारा

३.हजारौ जापानी नानीहरु हात्ती हेर्न टोकियो आए कनकि

१. त्यो भारतबाट पठाइएको थियो ।    ३. त्यो एक राजकीय पशु थियो ।

२. त्यो हात्ती घरेलु थियो ।    ४. यस भन्दा पहिले उनीहरु कहिले हात्ती देखेका थिएनन् ।

४. नेहरुजी प्रसन्न थिए किनकि –

१. उनले जापानमा एउटा हात्ती पठाइदिएका थिए । ३. हात्तीले लामो समुन्द्री यत्रा गरेको थियो ।

३. उनको त्यो उपहारले गर्दा जापानी नानीहरु    ४. हात्ती जापान पुगेर प्रसन्न थियो ।
हाम्रो देशको बारेमा सोच्न थालेका थिए ।

५. नेहरुजीले एउटा हात्ती जापान पठए किनकि –

१. उनलाई हात्ती धेरै मन पर्थ्यो ।    ३. जापानी नानीहरुले हात्ती मागेका थिए ।

२. हात्ती राजसी पशु हो ।    ४. जापानको सरकारले हात्ती मागेका थिए ।

सही उत्तर ; १–२, २–१, ३–४, ४–२, ५–३

## केही प्रमुख गाईडलाइन्स आनलाइन फारम अपलोड गर्नलाई दिइएको छ

जबाहर नवोदय विद्यालयको कक्षा छ मा प्रवेश पाउनको लागि आन लाइन आवेदन भर्न सकिन्छ । जसलाई निजी विवरणिका मानिन्छ । जे होस तल दिइएको केही निर्देशहरु विशेष गरी फारम भर्दा ध्यानमा राख्न जरुरी छ ।

१. कृपया ध्यानपूर्बक चयन परीक्षा बिवरणिका पढ्नुहोस । फारम भर्न अधि यो कुरोको ध्यान राख्नु पर्छ कि अभ्यार्थीले चाहेको सवै पात्रता पूरा गर्छ कि गर्दैन जस्तै जन्म तिथि तोकिएको सीमाभित्र (०१.०५.२००६ देखि ३०.०४.२०१०) मा पर्छ कि पर्दैन । कक्षा ३,४,५ को अध्यान पंजीकृत शैक्षिक संस्थानहरुबाट गरेको छ  कि छैन । यी सब कुराको ध्यान दिन आवश्याक छ ।

२. निजी विवरण प्रमाम पत्र ध्यानपूर्वक भर्नुहोस । जाति प्रमाण जस्तै सामान्य अ, जा, अ जजा, अ विअव अनि दिब्याङ्ग  यी सबै अप्लोड गर्दा होशियारी रहनु पर्छ । यदि फारम भ'दा गल्तीले अभ्यार्थीले अजा/अजजा लेख्छन, वास्तवमा अभ्यार्थीको जन्म तिथि विद्यालयको पंजीका अनुसार पाइएन भने चयन भएको खण्डमा पनि पात्रता निरस्त हुन सक्छ ।

३. क्र जन्मतिथि शव्द र अंक दुवैमा स्पष्ट्पारी लेख्नुपर्छ । जन्मतिथि विध्यालयमा दर्ता गराएको तिथिसंग मिल्दो हुनपर्छ । यदि कुनै कारणवश अभ्यार्थीको जन्म तिथि विद्यालयको पंजीका अनुसार पैएन भने चयन भएको खण्डमा पनि पात्रता निरस्त हुन सक्छ ।

ख अभ्यार्थीले फारम भर्दा शरीरमा भएको एउटा स्थायी दाग लेख्नुपर्छ ।

४. नवोदय विद्यालयको चयन परीक्षाको लागि जानकारी आनआइन उपलव्ध गराउँदा अविभावक माता/पिता दुवैको सही हुन आवश्यक छ ।

५. अनलाइन फारम बुझाउने अन्तिम तारीख ३१.१०.२०१८ हुनेछ अनि चयन परीक्षा शनिवार १२ जनवरी २०१९ (ग्रीष्मकालीन जेएनभी) अनि शनिवार १३ अप्रैल २०१९ (शीतकालीन जेएनभी) दिनमा सम्पन्न हुनेछ ।

टिप्पणी :– दिइएको अथवा भर्नुपर्ने आवश्यक कलमहरु फाररममा भरिएको छैन अथवा खाली छोडिएको छ भने आवेदन फारम निरस्त हुनसक्छ । अभ्यार्थीले आवेदन फारम भर्दा आवश्यक कुराहरु जस्तै जन्म मिति जाति अजा/अजजा/अपिव/शहरी/ग्रामीण/विकलंगता  आदिको जानकारीहरु सही तरीकाले दिनु पर्नेछ । यदि कुनै सूचना या जानकारी फारम भर्दा गलत दिइएको छ भने त्यो अभ्यार्थी चयन भएको खण्डमा उसको प्रवेश  पात्रता निरस्त हुन सक्छ अथवा नविसले लिइएको निर्णय नै अन्तिम हुनेछ ।  कुनै प्रकारको लेखा पढि यस विषयमा मानि लिने छैन । यस्तो झूठो जानकारी दिएर चयन भएको अभ्यार्थीको प्रवेश पात्रतालाई निरस्त गराउने सम्पूर्ण क्षमता नविसले राख्द्छ । अथवा यसरी गलत जानकारी भरेर चयन भईकन कुनै एक अभ्यार्थीले विद्यालयमा वसेर पढाई गर्छ भने त्यसको सम्पूर्ण खर्चपनि नविसले विद्यार्थीबाट उठाउन सक्छ ।

निवास प्रमाण पत्र

(एन.आई.ओ. एस () को तर्फबाट प्रवेश लिन चाहने विध्यार्थीहरुको लागि मात्र )

उक्त प्रमाण पत्र चयन परीक्षामा उतीर्ण भएर प्रवेश लिने समयमा मातापिता/अविभावकले भर्नु पर्छ ।

जवाहर नवोदय विद्यालय अनुसार ____________________ जिल्ला __________ राज्य ________ पत्र संख्या ___________ तारीख _________ मेरो पाल्य/पाल्या/ मास्टर/कुमारी ________________________ ले जवाहर नवोदय विद्यालय कक्षा छ को चयन परीक्षा पास गरेर जवाहर नवोदय विद्यालय __________________ जिल्ल _________ राज्य/केन्द्र शासित _________________ शैक्षणिक सत्र _________ मा प्रवेश लिन चाहन्छ ।

म तल दिइएको ठेगानामा बस्दछु ;

गाँव _______________

शहर________________

जिल्ला _______________

राज्य _______________

पिन कोड ______________

यो प्रमाणित गर्दछु कि माथि दिइएको सम्पूर्ण सूचना सत्य हो अनि त्यहाँ कुनै तथ्यलाई तोड मोड गरिएको छैन ।

मातापिताको सही

पूरा नाम _____________________

ठेगाना ______________________

स्थान ______________________

तारीक _______

प्रमाण पत्र

(यस प्रमाण पत्र जिल्ला स्तरका अधिकारीहरु अर्थात एस.डी.एम./तहसीलदारद्वारा भरिएको हुन पर्छ, चयन भएका अभ्यर्थीका मातापिताले प्रवेशको समय जम्मा गर्नु पर्छ । )

यो प्रमाणित गरिन्छ कि श्री/श्रीमती ______________माता/पिता मास्टर/कुमारी __________ द्वारा जारी गरिएको उपरोक्त जानकारी जो चाहि जेएनभी ____________

जिला ________ मा प्रवेश लिन चाहान्छ। जसका सवै तथ्यहरु जाँचको समय सही पाइएको छ ।

निवास क्षेत्र शहरी/ग्रामीन कहाँ अवस्थितछ त्यो लेख्न पर्छ __________ जिल्ला _______

जवाहर नवोदय विद्यालय चयन परीक्षा २०१९

अनलाईन आवेदन जम्मा गर्ने तारीख ३१.१०.२०१८

प्रमाणित गरिन्छ कि तल दिइएको सूचना सवै सठीक छन_______________

(विध्यार्थीको नाम)

जो हालमा _______ विद्यालयको कक्षा पाँचमा अध्ययनरत छन र जवाहर नवोदय विद्यालय चयन परीक्षा २०१९ मा इच्छुक छन ।

| | |
|---|---|
| अभ्यार्थीको नाम | |
| पिताको नाम | |
| माताको नाम | |
| अविभावकको नाम, जरुरी छ भने मात्र | |

| जन्म तिथि | D | D | M | M | Y | Y | शब्दमा . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| लिंग सही चिन्ह लगाउनु होस | केटा | केटी | नपुन्सक |
|---|---|---|---|
| | | | |

| वर्ग | | | |
|---|---|---|---|
| सामान्य | अनुसूचित जाति | अनुसूचित जन जाति | अन्य पछौटे वर्ग |
| | | | |

| विकलाङ्गता, यदि कुनै छ भने दिइएको वर्गमा चिन्ह लगाउनु होस | | |
|---|---|---|
| शारीरिक विकलाङ्गता | अन्धोपन | वहिरोपन |
| | | |

| | |
|---|---|
| शरीरमा भएको चिन्ह :- . . . . . . . . . . . . . . . . . . . . . . . . . . | |
| वर्तमान पोस्टल ठेगाना | . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .. . . . . . . . . . . <br> . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .. . . . . . . . . . . <br> मोबाइल नम्बर . . . . . . . . . . . इमेल आइ. डी. . . . . . . . . . . . . . |
| राष्ट्रीयता . . . . . . . . . . . | धर्म . . . . . . . . . . . . . . .. . |

परीक्षाको माध्याम . . . . . . . . . . . . . . . . . . . . . . . (भाषाको लागि कृपया दिइएको भाषाहरु मध्ये आफुलाई चाहिने भाषा चुनेर लेख )

| विषयहरु | कक्षा – ३ | कक्षा –४ | कक्षा – ५ |
|---|---|---|---|
| विद्यालयको नाम (अभ्यार्थीले पढेको कक्षा ३,४,५)/ गाँव स्थानको नाम | | | |
| विध्यालयको वर्ग (सरकारी/सरकारद्वारा पंजीकृत/गैर सरकाी | | | |
| विद्यालयको अर्वस्थिति– ग्रामीण/ शहरी | | | |
| प्रवेशको महिना र वर्ष | | | |
| उतीर्ण भएको महिना र वर्ष | | | |
| खण्डको नाम | | | |
| जिल्लाको नाम | | | |
| राज्यको नाम | | | |

म यो राम्ररी बुझ्दछु कि अभ्यार्थीले कक्षा ३,४,५ मध्ये कुनै कक्षा एकै दिन भए पनि शहरी क्षेत्रको विद्यालयमा अद्ययन गरेको छ भने उक्त अभ्यार्थीलाई शहरी मानिने छ। उपरोक्त सुचना र जानकारीहरु गलत ठहरिए अथवा जेएनभीमा प्रवेश पाइसकेपछि पनि यी तथ्यहरु झूठा हुन गए मेरो पाल्य/पाल्याको पठन पाठन निरस्त गर्न सकिने छ।

| अभ्यार्थीको सही | मातापिताको सही |
|---|---|
| | |

नोट :– विशेष गरेर एन. आई. ओ. एस अभ्यर्थीको लागि उसको वर्तमान ठेगानालाई हेरेर स्थान निर्धारण गरिने छ।

उपरोक्त सूचना र जानकारीहरु यस विद्यालयको तथ्य पंजीकासंग तुलना गरिएको हो र ती सवै सत्य छन।

प्रधान अध्यापकको सही

कार्यालयको मोहर